# मिति २०८२ जेष्ठ २९ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ३ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ४ : क्रसर उद्योग सम्बन्धी प्राप्त गुनासो सम्बन्धमा ।

प्रस्ताव नं. ५ : जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कृषि प्राविधिकको पारिश्रमिक साझेदारी सम्बन्धमा ।

प्रस्ताव नं. ७ : राष्ट्रिय वनको जग्गा प्राप्ती सम्बन्धी प्रक्रियाको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ८ : पुष्पलाल मध्यपहाडी लोकमार्गको लागि क्रसर उद्योग स्थापना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : योजना भेरियसन सम्बन्धमा ।

प्रस्ताव नं. १० : रकमान्तर/श्रोतान्तर सम्बन्धमा ।

प्रस्ताव नं. ११ : राष्ट्रिय वनको जग्गा प्राप्ती सम्बन्धमा ।

प्रस्ताव नं. १२ : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीका सम्बन्धमा ।

प्रस्ताव नं. १३ : स्वास्थ्यकर्मीहरुको सेवा सुविधा सम्बन्धी प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा ।

प्रस्ताव नं. १५ : उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. १६ : पशु अनुदान सम्बन्धमा ।

प्रस्ताव नं. १७ : मध्यमकालिन खर्च संरचनाको मस्यौदा प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. १८ : राष्ट्रिय परिचयपत्र इकाई स्थापना सम्बन्धमा ।

प्रस्ताव नं. १९ : योजना तथा उपभोक्ता समितिको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. २० : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २१ : हलुका सवारी चालक नियूक्ति सम्बन्धमा ।

प्रस्ताव नं. २२ : गृहिणी महिला सशक्तिकरण कार्यक्रम सम्पन्न सम्बन्धमा ।

प्रस्ताव नं. २३ : आधारभुत स्वास्थ्य सेवा केन्द्रको सशर्त अनुदानको रकम सम्बन्धमा ।

प्रस्ताव नं. २४ : बहुवर्षीय योजना स्वीकृति सम्बन्धमा ।

प्रस्ताव नं. २५ : आगामी नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. ५६.१ : नगर कार्यपालिकाको मिति २०८२/०१/३१ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.२ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को ज्येष्ठ महिनासम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ६३.३६ प्रतिशत र पूँजीगत तर्फ ३७.५४ प्रतिशत गरी समग्रमा ५०.४५ प्रतिशत ) विवरण सार्वजनिक गरियो ।

निर्णय नं. ५६.३ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.४: मेलम्ची नगरपालिका वडा नं. १३ स्थित लहरेदेवी ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले विगत समय देखि मेलम्ची नगरपालिका वडा नं. १३ स्थित एक्लेबेसी क्षेत्रमा बालुवा प्रशोधन गर्दै आइरहेकोमा उक्त उद्योगले दर्ता अनुमति बिना क्रसर उद्योग संचालन गरेको सम्बन्धमा लिखित उजुरी प्राप्त भएको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ४९०४० मिति २०८२/०१/०३ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र तथा जिल्ला समन्वय समितिको कार्यालयको च.नं. १३१ मिति २०८२/०२/१८ को पत्रबाट समेत प्रचलित कानूनलाई अङ्गिकार नगरी संचालित क्रसर तथा वास उद्योगहरुबाट प्राकृतिक श्रोत र साधनहरुको दोहन गरी मापदण्ड विपरित उद्योगहरु संचालन गरेकोले कानून बमोजिम नियमन गर्नको लागि लेखि आएको हुँदा यस कार्यालयमा प्राप्त गुनासो र उजुरीको व्यवस्थापनको लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.५: मेलम्ची नगरपालिका भित्रको ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्रको मेलम्ची दोभान लगायतका जोखिमयुक्त स्थानबाट नदीजन्य पदार्थको उत्खनन् एवं जोखिम व्यवस्थापन गर्ने र मेलम्ची नगरपालिका वडा नं. ११ मा नवनिर्मित आधारभुत अस्पताल पछाडि रहेको पहिरो सम्बन्धमा मिति २०८२/२/१८ को जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको निर्णयको सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५६.६: संघीय सरकार र मेलम्ची नगरपालिकाबाट ५०/५० प्रतिशत लागत साझेदारीमा मेलम्ची नगरपालिकामा कार्यरत कृषि तथा पशु सेवा प्राविधिकहरुको पारिश्रमिक बेहोरिंदै आएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४०६ मिति २०८२/०२/२६ को पत्रबाट आ.व. २०८२/०८३ देखि संघीय सशर्त अनुदानबाट ४० प्रतिशत र सम्बन्धित पालिकाबाट ६० प्रतिशत रकम बेहोर्ने गरी एक गाउँ एक कृषि/पशु सेवा प्राविधिक राख्ने व्यवस्थाको लागि लेखि आएको हुँदा उक्त पत्र बमोजिम यस नगरपालिकाबाट पारिश्रमिक बापत ६० प्रतिशत पारिश्रिमक आन्तरिक श्रोतबाट बेहोर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.७: नगरपालिका क्षेत्र भित्र विकास आयोजनाको निर्माण गर्दा राष्ट्रिय वन वा सामुदायिक वन क्षेत्र भित्रको जग्गा प्रयोग गर्ने प्रक्रियाको सम्बन्धमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो । साथै, वडा तथा नगरपालिकालाई राष्ट्रिय वन क्षेत्रमा पर्ने विकास निर्माणका कार्य गर्दा अनिवार्य रुपमा सबै कानूनी प्रक्रिया पूरा गरेर मात्र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.८: पुष्पलाल (मध्यपहाडी ) राजमार्ग आयोजना कार्यालयको च.नं. ५२७ मिति २०८२/०२/०७ को पत्रबाट आयोजना अन्तर्गत निर्माणाधिन ठेक्का नं. MIDHLPD/337011144/079/80, Widening & Upgrading of Puspalal (Mid hill Highway) along Pati Bhanjyang Bahunepati Road (Ch.0+000 to 21+103 km Sindhupalchok को सडक निर्माण कार्य समयमा सम्पन्न गर्न मेलम्ची नगरपालिका वडा नं. १२ स्थित निर्माण कार्य नजिक योजना अवधि भरिका लागि आवश्यक प्रक्रिया पूरा गराई क्रसर उद्योग स्थापना तथा संचालनमा सहयोग गरिदिन लेखि आएको हुँदा क्रसर उद्योग संचालन गर्ने सम्बन्धमा आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका नगर प्रमुख श्री आइतमान तामाङ – संयोजक
२. मेलम्ची नगरपालिका उपप्रमुख श्री उमा प्रधान – सदस्य
३. वडा नं. ४, ५ र १२ का वडा अध्यक्ष – सदस्य
४. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – सदस्य
५. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री पासाङ तामाङ – सदस्य
६. प्रमुख प्रशासकीय अधिकृत-सदस्य
७. राजस्व शाखा प्रमुख श्री राजेन्द्र दुलाल- सदस्य सचिव

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५६.९: मेलम्ची नगरपालिकाबाट विभिन्न आ.व.हरुमा स्वीकृत कार्यक्रम अन्तर्गत बजेट विनियोजन भई निर्माणको क्रममा योजनाका केही आइटमहरूमा थपघट हुन गएको हुँदा प्राविधिक प्रतिवेदन बमोजिमको तपसिलका भेरियसन स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण/ठेक्का नं. | भेरियसन गर्नुपर्ने कारण |
|---|---|---|
| १ | Construction of Mahila Surakshya Niyantran Manch Bhawan/ MMSI/Works/NCB/2080-81/31 | लागत अनुमान तयार गर्दा जमिन तल्लाको एक भित्री कोठा ईष्टिमेट गरिएकोमा सम्बन्धित संस्थाले जमिन तल्लाको भित्री एक कोठा हटाई हल बनाउन र अस्थायी रुपमा भर्याङ छोप्ने कार्य गर्न अनुरोध गरेको । साथै, संस्थाको माथिल्लो तला थप्नको लागि अन्य निकायबाट बजेट विनियोजन भएको हुँदा उक्त अवस्थाको पूर्व अनुमान गर्न नसक्ने भएको । यस कार्यमा २२.२० प्रतिशतले भरियसन (घट) गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (४) बमोजिम खरिद सम्झौता सुविस्ताको आधारमा अन्त्य गर्ने र सोही ऐनको उपदफा (५) बमोजिम गर्ने । |
| २ | Construction of Jaryatar Sanakisan Krishak Samuha Bhawan/ MMSI/Works/NCB/2081-82/30 | प्राविधिक लागत अनुमान बमोजिम जग खन्दा संगै जोडिएको जमिनको घर धेरै उचाईमा रहेको र सो कारणबाट उक्त घर जोखिम हुने भएकोले Design परिवर्तन गरी Strap Beam र Shear wall थप गरी जोखिम न्यूनीकरण गर्ने पूर्व अनुमान नभएकोले सम्झौता रकमको ८.५१ प्रतिशतले हुन आउने रकम रु. २,४८,१५७।४१ थप गर्नुपर्ने । |
| ३ | क्याउलेठाना आधारभुत विद्यालय, मेनपा ९ MMSI/Works/NCB/2081-82/21 | लागत अनुमानमा समावेश गरिएको Rebar को परिमाण कार्य गर्दा अपुग भएकोले थप गर्नुपर्ने र RCC Column ढलान कार्य गर्दा Column मा Crack आउन सक्ने भएकोले M25 कार्य घटेकोले सम्झौता बमोजिमको रकममा ७.०१ प्रतिशतले घटी भएको Variation स्वीकृत गरी भुक्तानी गर्ने । |
| ४ | सुनखानी खानेपानी योजना, मेनपा ९ MMSI/Works/NCB/2080- | विभिन्न स्थानमा पाइपलाइनको लागि माटो खन्दा ढुङ्गाको कारण गहिराई कम भएको साथै DPR मा समावेश भएको सम्पूर्ण खन्ने कार्य खपत नहुने र सम्पूर्ण फिटिङ्ग सामानहरु |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | 81/26 | पनि प्रयोग नहुने भएकोले सम्झौता रकमको १८ प्रतिशत घटी रकमको Variation स्वीकृत गरी सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने । |
| ५ | कबर्ड हल, मेनपा ११ MMSI/Works/NCB/2080-81/23 | लागत अनुमानमा भएको ईटाको र Black Truss Pipe को परिमाण घट्न गएको ले सम्झौता रकममा ९ प्रतिशत घटी रकमको Variation स्वीकृत गरी भुक्तानी गर्ने । |
| ६ | Upgrading of Talamarang to Ward office Road/ MMSI/Works/NCB/2081-82/09 MMSI/Works/NCB/2081-82/05 | फिल्डको अवस्था अनुसार ग्यबिनको परिमाण खपत फरेको र पूर्वानुमान गरेको अन्य स्थानमा जाली अपुग भएको र प्लम्प वाल र नालीको लम्बाई बढ्दा सोलिङ र पिसिसिको पूर्वानुमान नभएकोले सम्झौता रकमको ०.००२ प्रतिशतले घटी रकमको Variation स्वीकृत गरी भुक्तानी गर्ने । |

निर्णय नं. ५६.१०: मेलम्ची नगरपालिकाबाट संचालित विभिन्न योजनाहरुको रकम भुक्तानीको लागि बजेट अभाव भई विभिन्न बजेट शिर्षकहरुबाट रकमान्तर एवं श्रोतान्तर गरी ल्याइएका अनुसूची-२ मा उल्लेख भएका आयका श्रोतहरु तथा शिर्षकहरुमा उल्लिखित रकमहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.११: मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडा, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीबाट उद्घाटन भएको जलवायु पार्कमा,निरन्तर रुपमा यस नगरपालिका तथा अन्य स्थानबाट समेत अत्याधिक मात्रामा आन्तरिक पर्यटकको आगमन हुने तर पर्यटन सम्बन्धी आवश्यक पूर्वाधारको कमी भएको र यस स्थानलाई व्यवस्थित गर्न सक्दा नगरपालिकाको आन्तरिक आम्दानी पनि बढ्ने सम्भावना रहेकोले, सो क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण गर्न स्वीकृतार्थ सम्बन्धित राष्ट्रिय वनको जगामा पर्यटन पूर्वाधारहरु निर्माण गर्न राष्ट्रिय वनको क्षेत्राधिकार भित्र रहेको जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडि बढाई सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।
निकायमा पत्राचार गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५६.१२: प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ४१९ मिति २०८२/०२/०१ को पत्रबाट आ.व. २०८२/०८३ को लागि प्राविधिक सहायक र रोजगार सहायक पदमा कार्यरत कर्मचारीहरुका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रदान गरिंदै आएको तलब भत्ता लगायतका सेवा सुविधा उपलब्ध गराउन नसक्ने र निजहरुलाई सम्बन्धित स्थानीय तहबाट नै तलब भत्ता लगायतका सेवा सुविधा व्यवस्थापन गर्नको लागि लेखि आएको हुँदा मेलम्ची नगरपालिकामा प्राविधिक सहायक (सहायक पाँचौं) पदमा कार्यरत श्री सन्तोष थापा र रोजगार सहायक (सहायक पाँचौं) पदमा कार्यरत श्री मिनु कुमारी तामाङलाई नगरपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता उपलब्ध गराउने गरी निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं. ५६.१३: मेलम्ची नगर अस्पताल मातहतका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता सम्बन्धी मापदण्ड तयार गर्नको लागि मिति २०८२/०१/१५ गते गठित अध्ययन समितिले पेश गरेको प्रतिवेदन आजको यस बैठकमा छलफल गरियो। कर्मचारीहरुलाई सेवा सुविधा प्रदान गर्ने सम्बन्धी प्रचलित ऐन, कानूनमा भएको व्यवस्था बमोजिम तयार पारिएको प्रतिबेदन स्वीकृत गरी कार्यालयमा अतिरिक्त समय कार्य गरे बापत डिउटी रोष्ट्रर सूची तयार गरी अध्ययन समितिले सिफारिस गरे बमोजिम मेलम्ची नगर अस्पताल मातहतका कर्मचारीहरुलाई २०८१ श्रावण १ गते देखिको प्रोत्साहन भत्ता उपलब्ध गराउन सम्बन्धित व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ५६.१४: नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोषको च.नं. ७८७ मिति २०८२/०२/१६ को पत्रबाट सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि नेपाल सरकारले मिति २०८२/०१/०१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश संचित कोष र स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाइपाई आएको तलबको १० प्रतिशत र मेलम्ची नगरपालिकाबाट १० प्रतिशत जम्मा गर्ने व्यवस्था सहित नगरपालिकामा कार्यरत करार सेवाका सम्पूर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउनको लागि लेखि आएको हुँदा उक्त सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्नको लागि मिति २०८१/१२/०८ को निर्णयानुसार समिति गठन भई उक्त अध्ययन समितिले पेश गरेको प्रतिवेदन बैठक समक्ष पेश भई छलफल गरियो र प्रतिवेदनमा उल्लेख भएका मेलम्ची नगरपालिकामा करार सेवामा कर्यरत कर्मचारीहरुलाई आ.व. २०८२/०८३ देखि लागु हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने निर्णय गरियो।

निर्णय नं. ५६.१५: मेलम्ची नगरपालिका अन्तर्गत ११ नं. वडा कार्यालयको च.नं. १६५२ मिति २०८२/०२/१८ गतेको पत्रबाट सोही वडाका देहाय बमोजिमका योजनाहरु बोलपत्र प्रक्रियाबाट

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

कार्यान्वयन गर्न समय अभाव भएको र वर्षा याममा समेत सडक सुचारु गर्नुपर्ने अवस्थाको कारण उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नको लागि सिफारिस भई आएको हुँदा उक्त योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने र सो कार्य गर्नका लागि उपभोक्ता समितिलाई भारी मेशिनरी उपकरणहरु प्रयोग गर्न स्वीकृति दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | ठेगाना | बजेट रु. |
|---|---|---|---|
| १ | मेलम्ची कटुञ्जे धुसेनी मोटरबाटो स्तरोन्नती | मेलम्ची न.पा. ११ | २० लाख |
| २ | मेलम्ची डडुवा सडक स्तरोन्नती | मेलम्ची न.पा. ११ | २५ लाख |

निर्णय नं. ५६.१६: मेलम्ची नगरपालिकाको सूचना बमोजिम आवश्यक प्रक्रिया पूरा गरी नगरपालिकामा निवेदन पेश गरेका गोरु पालक कृषकहरुलाई प्रति कृषक रु. ५ हजारका दरले गोरु पालन बापत पशु अनुदान प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ५६.१७: मेलम्ची नगरपालिकाको आ.व. २०८२/८३ देखि आ.व. २०८४/०८५ सम्मको मध्यमकालिन खर्च संरचनाको मस्यौदा प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५६.१८: मेलम्ची नगरपालिका भित्रका सेवाग्राहीहरुलाई सहज र सरल ढंगबाट सेवा प्रदान गर्नको लागि राष्ट्रिय परिचयपत्र इकाई स्थापना गर्न जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरवार, काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ५६.१९: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा बजेट विनियोजन भई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी सम्झौता भएका योजनाहरु तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी हालसम्म पनि कार्यान्वयनको चरणमा रहेका उपभोक्ता समितिका योजनाहरुको मिति २०८२ असार १५ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो। साथै, बोलपत्र प्रक्रियाबाट छनौट भई सम्झौता गरिएका देहाय बमोजिमका योजनाहरुले समयावधि भित्र कार्य गर्न नसकी विभिन्न कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा भएको कानूनी व्यवस्था बमोजिम प्राविधिक प्रतिवेदनका आधारमा तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाताको विवरण | कार्य सम्पन्न हुन नसकेको कारण | म्याद थप अवधि |
|---|---|---|---|---|
| 1 | Upgrading Works of Bhotechaur-Thulopata- | B.C.T.S.C.JV KMC | वर्षाको कारणबट | ६ महिना |

निमेष मिश्र
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | Fusromata-Giranchaur-Sindhukhola Road, Melamchi 1 | | ग्रामीण सडकहरु अवरुद्ध भई निर्माण सामग्री ढुवानीमा सहजता नभएको | |
| 2 | Upgrading Works of Dauchet Keurani Lavgaun Road, Melamchi 8 | M/S Dsepl Kcspl JV | | ६ महिना |
| 3 | Upgrading Works of Zero Kilo Sotikhola Haibung Road, Melamchi 2 &3 | M/S Surma - Kalimata JV | | ६ महिना |
| 4 | Construction Works of Incomplete Dwarikatol Samudayik Bhawan, Gufa Dada, Melamchi 9 | Golmeshwori Construction and Suppliers Pvt.Ltd. | | ६ महिना |
| 5 | Construction of Hostel at Janata Secondary School, Melamchi 9 | M/S Sindhu Kalika Construction and Suppliers | | ६ महिना |
| 6 | Upgrading Works of Fatte Dauchet Dubachaur Sadak, Melamchi 7 | M/S Golden key Construction | | ८ महिना |
| 7 | Construction of Ground at Sunkhani | R.D.R. Construction and Suppliers Pvt.Ltd. | | ६ महिना |
| 8 | Construction of Golma Rajarani Temple, Melamchi 9 | | | ६ महिना |

निर्णय नं. ५६.२०: मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री बाबुराम श्रेष्ठको छोरा श्री विशाल श्रेष्ठ मुटु सम्बन्धी बिरामी भई मनमोहन कार्डियोथोयासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचार गराई रहेको र निजको आर्थिक अवस्था कमजोर भई आर्थिक सहायताको लागि ११ नं. वडा कार्यालयको च.नं.१६७७ मिति २०८२/०२/२१ को पत्रबाट सिफारिस भई आएको हुँदा निजको उपचारका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निमेष मिश्र
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५६.२१: मेलम्ची नगरपालिकाको हलुका सवारी चालक पद रिक्त भई पदपूर्ति गर्नुपर्ने भएकोले उक्त पदमा मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री लक्ष्मण सापकोटालाई आन्तरिक श्रोतबाट तलब भत्ता लगायतका सेवा सुविधा प्राप्त हुने गरी मिति २०८२/०३/०१ देखि लागु हुने गरी करार सेवामा नियूक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.२२: बागमती प्रद्रेश सरकार, सामाजिक विकास कार्यालय, काभ्रेपलान्चोक र मेलम्ची नगरपालिकाको संयुक्त लागत साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत यस मेलम्ची नगरपालिकामा संचालित १५ दिने मौरी पालन तालिम र ३ महिने (३९० घण्टा) ब्युटिसियन तालिम प्रभावकारी रुपमा सम्पन्न भएको जानकारी गर्नुको साथै आगामी आ.व. मा अझ प्रभावकारी ढंगबाट कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.२३: स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन,२०८१) को दफा ४ को उपदफा (३) र (८) मा भएको व्यवस्था बमोजिम संघीय सरकार स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. २ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि प्राप्त बजेट रु. ३७ लाख र वडा नं. ९ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि प्राप्त भएको बजेट रु. ३८ लाख ८६ हजार लाई वडा नं. १, ७ र १० को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको भुक्तानीका लागि खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ५६.२४: यस नगरपालिका अन्तर्गत गत आ व २०८१/८२ मा संचालन हुने तपसिल बमोजिमका योजनाहरुलाई बहुवर्षीय योजनाका रुपमा संचालन गर्न र आगामी आर्थिक वर्षहरुमा श्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा नं. | योजनाको नाम |
|---|---|---|
| १ | १ | सरस्वती मा वि भवन निर्माण |
| २ | ९ | सुनखानी स्वास्थ्य इकाई |
| ३ | ९ | गुफाँडाडाँ पार्क निर्माण |
| ४ | ११ | नगरअस्पताल जाने बाटो |
| ५ | ११ | मेलम्ची बजार व्यवस्थापन |

निर्णय नं. ५६.२५: यस नगरपालिकाको १८ औं नगरसभा मिति २०८२ असार १० गतेका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची नगरपालिका
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

२०८२/३/२५